नेपाल सरकार

ऊर्जा मन्त्रालय

# विद्युत् विकास विभाग

## मौजूदा सूची दर्ता गराउने बारेको सूचना

(सूचना प्रकाशित मिति : २०६८।३।२० गते)

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १८ बमोजिम यस विभागलाई आ.व. २०६८/०६९ को लागि आवश्यक पर्न सक्ने तपसिल बमोजिमका सामान तथा सेवाहरुको खरिद सम्बन्धी कार्यका लागि मौजूदा-सूची तयार गर्नुपर्ने भएको हुंदा इच्छुक व्यक्ति फर्म, संस्था वा कम्पनीले म्याद कायमै रहेको वा नवीकरण सहितको आफ्नो फर्म दर्ता, आयकर एवम् मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०६६/०६७ सम्मको आयकर चुक्ता वा कर विवरण दाखिला गरेको विवरणको प्रमाणित प्रतिलिपि, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कारोबारमा अयोग्य नभएको तथा कालो सूचीमा नपरेको भनी आधिकारीक रुपले लिखित घोषणा गरेको स्वयं घोषणापत्र सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक समूह को लागि छुट्टाछुट्टै निवेदन यस विभागमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै निवेदन दर्ता गराउने अन्तिम दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिनको कार्यालय समयभित्र दर्ता गराउन सकिने छ ।

**तपसिल**

१. सवारी साधन (गाडी तथा मोटरसाइकल) का पार्टपुर्जाहरु आपूर्ति एवम् मर्मत कार्य
२. कम्प्यूटर तालीम लगायतका विभिन्न प्रविधिक, ब्यबस्थापकीय, प्रशासकीय तथा आर्थिक बिषय सम्बन्धी तालिम तथा परामर्श सेवा
३. तोकिएका पत्र पत्रिका खरीद गरी नियमित आपुर्ति गर्ने कार्य
४. इन्जिनियरिङ, ब्यबस्थापन, सूचना प्रविधि र सफ्टवेयर निर्माण सम्बन्धी परामर्श सेवा
५. मसलन्द (स्टेशनरी) तथा अन्य मालसमानहरु आपूर्ति कार्य
६. छपाई सम्बन्धी कार्य
७. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामानहरुको आपूर्ति तथा मर्मत कार्य
८. कम्प्युटर, प्रिन्टर, फोटोकपी, फ्याक्स, एयर कण्सिनर, टेलिफोन, यु.पि.एस तथा तिनका पार्टपूर्जा आपूर्ति, जडान एवम् मर्मत कार्य
९. फर्निचर तथा फर्निसिङ्ग सामानहरु आपूर्ति तथा मर्मत कार्य ।
१०. पिउने पानी (मिनरल वाटरको जार एवम् बोतल) आपूर्ति कार्य
११. पत्रिकामा विभागीय सुचना प्रकाशन गराउने कार्य
१२. कम्प्युटर, टेलिफोन, इन्टरनेट लगायतका विभिन्न विद्युतीय उपकरण मर्मत संभार कार्यको परामर्श सेवा
१३. जनताको जलविद्युत् आयोजनाहरुको सामाजिक आर्थिक अध्ययन सम्बन्धी परामर्श सेवा
१४. जलविद्युत् आयोजनाहरुको Screening and Ranking अध्ययन सम्बन्धी परामर्श सेवा
१५. बिभिन्न सफ्टवेयर खरिद सम्बन्धी कार्य